# छिमेकी कथाको समाजपरक अध्ययन

चेतनाथ पौडेल
सहप्राध्यापक, पथरी बहुमुखी क्याम्पस
Email: cheja74@gmail.com

Received: August 15, 2024 Revised: January 27, 2025 Accepted: May 5, 2025

## सार

प्रस्तुत अध्ययन कथाकार गुरुप्रसाद मैनालीको छिमेकी कथाको समाजपरक अध्ययनमा केन्द्रित रहेको छ । नेपाली कथालाई आधुनिकतातर्फ उन्मुख गराउने कथाकार मैनाली प्रथम आधुनिक कथाकार हुन् । विसं १९९३ सालमा शारदा पत्रिकामा सर्वप्रथम प्रकाशित छिमेकी कथा विसं २०२० सालमा नासो कथासङ्ग्रहमा सङ्गृहीत छ । यसमा फ्रान्सेली समाजशास्त्री हिप्पोलाइट एडल्फ टेनको समाजपरक सिद्धान्त जाति, क्षण र पर्यावरणका कसीमा छिमेकी कथाको समाजपरक अध्ययन गरिएको छ । यो गुणात्मक अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा छिमेकी कथा रहेको छ भने द्वितीयक स्रोतका रूपमा विषयसँग जोडिएर गरिएका शोध सामग्री, सन्दर्भ सामग्री, अनुसन्धानात्मक तथा समीक्षात्मक लेखरचना आदिलाई लिइएको छ । कथाभित्रको समाजका यथार्थ मान्यतालाई प्रभावकारी ढङ्गले देखाइएको छ । विसं २००७ सालअगिको सामाजिक तथा आर्थिक अवस्थाको झलक प्रस्तुत गर्न सफल यस कथाको समाजशास्त्रीय कोणबाट अध्ययन विश्लेषण गर्नु यस आलेखको मूल अभीष्ट रहेको छ । प्रस्तुत कथामा टेनले अगि सारेको समाजशास्त्रीय मान्यताभित्रका जाति, क्षण र पर्यावरणको सशक्त प्रयोग भएकाले समाजशास्त्रीय अध्ययनका दृष्टिले प्रस्तुत कथा अत्यन्त उपयोगी रहेको छ र छिमेकी कथालाई जाति, क्षण र पर्यावरणका आधारमा सामाजिक धरातलमा राखेर अध्ययन गर्न सक्नु नै निष्कर्ष रहेको छ ।

*प्रमुख शब्दहरू :* क्षण, छिमेकी, जाति, पर्यावरण, यथार्थ, समाज

## परिचय

गुरुप्रसाद मैनाली (१९५७-२०२८) द्वारा लिखित छिमेकी आदर्शोन्मुख यथार्थलाई चित्रण गरिएको कथा हो । उनी सामाजिक यथार्थवादी धारामा रहेर कथा लेखन गर्ने प्रथम कथाकार हुन् । उनको नासो (१९९२) कथाको प्रकाशनसँगै यस धाराको सुरुआत हुन्छ । मैनालीको एउटा मात्र कथासङ्ग्रह नासो (२०२०) प्रकाशित छ । मैनालीका कथामा नेपाली समाजको सजीव चित्रण पाइन्छ । उनले नेपाली सामाजिक जनजीवनका परिस्थितिको चित्रणमा विशेष ध्यान दिएका छन् । नेपाली समाजको पुरानो परिपाटी र नयाँ जीवनदृष्टिलाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । यथार्थको चित्रण, बहिर्मुखी दृष्टिकोण, व्यापक परिवेश ग्रहण, सामाजिक मूल्य र मान्यताका सन्दर्भमा पात्रको व्यक्तित्वको उपास्थापनतर्फ मैनालीको विशेष रुचि देखिन्छ ।

समाजमा भएका सानादेखि ठुलासम्म क्रियाकलापका विकृत-विसङ्गत, आचार-विचार, संस्कृति-परम्परा आदि कुराहरूलाई अत्यन्त प्रभावकारी ढङ्गबाट कथामा उठाउने आदर्शोन्मुख यथार्थवादी कथाकार मैनाली आधुनिक कथाका प्रवर्तकका रूपमा देखिएका छन् । उनका धेरैजसो कथामा समाजका गाउँले जनजीवनका निम्नवर्गको अशिक्षा, गरिबी र मानवीय प्रवृत्तिलाई राम्रोसँग उतारेको देखिन्छ (भण्डारी, २०७९, पृ. १०४) । मैनालीले आफ्नै माटामा आँखाका सामु हरपल देखिने, भोगिने, अनुभव गरिने विषयवस्तुमा पात्र छनोट गरी घुमे र घुमाए । यो नै उनको आधुनिक कहिल्यै नजल्ने सिरानी बनेर आख्यानात्मक नेपाली साहित्यको बिहानीमा रह्यो, रहेको छ, रहिरहने छ (कलानिधि दाहाल, २०७९, पृ. ३९) । उनले कथा लेखन गर्न थाल्दा नेपालमा जहानियाँ निरङ्कुश राणाशासन थियो । राणाहरूको व्यवस्थाले उग्र रूप लिन थालेपछि  जनताहरू झन् झन् चेतनशील बन्दै गए । फलतः यथार्थको खोज तिनीहरूका लागि वाञ्छनीय हुन गयो । पुरानो आदर्शलाई त्यागेर जीवन बाँच्नका लागि नयाँ दिशातर्फ यात्रा सुरु भयो, जसले सङ्घर्षका मैदानमा उत्रन अभिप्रेरित गऱ्यो  ।

यथार्थवादी कथाकार आफ्नै परिवेशमा लुटपुटिन्छ, परको समाज र थाहा नभएको परिवेश उठाउँदैन । कथाकार मैनाली आफू हुर्केबढेको, खेलेपढेको ग्रामीण परिवेशलाई उठाउन निपुण छन् । गाउँले समाजमा हुने घटना, व्यवहार, दैनिकी, सम्बन्ध र व्यवहार कथाका विषयवस्तु हुन् । ग्रामीण

समाजलाई मिहिन रूपमा अवलोकन गरेर कलात्मक रूपमा प्रस्तुति गर्न, प्रस्तुतिलाई शाश्वत बनाउन रैथाने विम्ब प्रयोग गर्न कथाकार औधी सिपालु छन् (मैनाली, २०७९, पृ. ९५) । कथाकार मैनालीको कथाकारिता विश्लेषण गर्दा भनिए जस्तै उनी यथार्थवादी कथाकार हुन् । कथाकार स्वयम्ले नासो कथासङ्ग्रहमा मेरा दुई शब्द शीर्षकमा भनेका छन्- 'धेरैजसो कथाहरू मैले स्वयम् देखेका अथवा निकटबाट सुनेका दृश्यहरू लिएर लेखेको छु (मैनाली, २०७३ पृ. भूमिका) ।' उनका कथाहरू सामाजिक विषयवस्तुकै केन्द्रीयतामा रचिएका छन् । उनका कथाहरू सामाजिक विषयवस्तु यथार्थमा आधारित छन्, भावुकतामा होइन । उनले आफ्ना कथामा ग्रामीण सामाजिक जीवनको सूक्ष्म अवलोकन गरेका छन् । उनले अन्धविश्वास, रुढिवाद, कुरीतिग्रस्त नेपाली समाजको गिर्दो अवस्थालाई मुखरित गरेका छन् र ह्रासोन्मुख स्थितिमाथि करुणा दर्साएका छन् ।

छिमेकी विसं १९९३ सालको शारदा वर्ष २, अङ्क ३ मा छापिएको देखिन्छ (कृष्णप्रसाद दाहाल, २०७९, पृ. ८४) । नेपाली कथालाई आधुनिक मूल्य प्रदान गर्ने क्रममा उनले एकातिर आफ्नो कथाको संरचनालाई पूर्ण यथार्थवादमा आबद्ध गरी कथावस्तुको निर्माण गर्नुका साथै पात्रको दृष्टिकोणलाई समायोजन गरे भने अर्कातिर उनले आफ्ना कथाको रूपविन्यासलाई मध्ययुगी शैलीबाट मुक्त गरी सुपुष्टता प्रदान गरे (श्रेष्ठ, २०६७, पृ. ३७) । पाश्चात्य साहित्यको प्रभावबाट लेखिएका हिन्दी कथाहरूको अध्ययनबाट प्रेरित भएर नै उनले आफ्ना कथाहरू लेखेका हुन् । उनका कथाहरूले नेपाली गाउँले जनजीवनको कारुणिक पक्षलाई साह्रै राम्रो अभिव्यक्ति दिएका छन् । शैलीमा नेपालीपना, भावमा गाउँले सजिलोपना, विचारमा सुधारको लक्ष्य र चित्रणमा रमाइलो कलात्मकता मैनालीका विशेषता हुन् (शर्मा, २०७०, पृ. १४२) । नेपाली समाज हिन्दु संस्कृतिबाट प्रभावित भएको र सहिष्णुता, क्षमा, दान, परोपकार आदिमा विश्वास गरेको हुँदा यी सबै कुराहरूबाट परेको प्रभावस्वरूप यथार्थवादी नेपाली कथामा आदर्शको पुट रहन गएको हो । त्यसैले यस धाराका कथाकारहरूलाई यथार्थ परिस्थितितर्फ आकृष्ट हुन बाध्य तुल्याए तापनि आदर्शप्रतिको झुकाउ राख्न अभिप्रेरित गर्‍यो (श्रेष्ठ, २०६७, पृ. २६) ।

मैनालीले आफूले भोगेदेखेका कुराहरूलाई आफ्ना कथाको विषयवस्तु बनाए । जीवनको लामो कालखण्डमा मैनालीले न्याय विभागमा न्यायाधीशसम्म भएर काम गर्दा आफूले देखेभोगेका

घटनाहरूलाई आधुनिक कथाशिल्पमा असाधारण शैली र रूपमा प्रस्तुत गरे । समाज र साहित्य एकअर्काका परिपूरक हुन् भन्ने तथ्यलाई कथाकार मैनालीले साह्रै राम्रोसँग बुझेका छन् (अन्नपूर्ण पोस्ट, २०७३) । त्यसैले समाजविना साहित्य जीवन्त रहन सक्दैन भने साहित्यविनाको समाज अपाङ्ग रहन्छ । यसरी मैनालीले छिमेकी कथामा पनि समाजका यथार्थलाई कथामा पस्केका हुनाले यहाँ छिमेकी कथाको समाजपरक अध्ययन गरिएको हो । यसका लागि हिप्पोलाइट एडल्फ टेनको जाति, क्षण र पर्यावरण सिद्धान्तका सापेक्षतामा यस कथाको विश्लेषण गरिएको हो ।

**समस्या कथन**

गुरुप्रसाद मैनालीको छिमेकी कथामा विसं १९९३ आसपास र सो समयअगिको समाजको चित्रण गरिएकाले यस कथालाई समाजशास्त्रीय आधारमा समीक्षा गर्नु आवश्यक देखिएको छ । कथाभित्र र बाहिरको समाज केकस्तो छ ? कथामा हिप्पोलाइट एडल्फ टेनले प्रतिपादन गरेको जाति, क्षण र पर्यावरणको अवस्था केकस्तो छ ? कथाभित्र साहित्य र समाजको सम्बन्ध केकस्तो रहेको छ ? भन्ने प्राज्ञिक समस्यामा केन्द्रित रहेर यस अध्ययनको विवेचना गरिएको छ ।

**उद्देश्य**

नेपाली समाजको यथार्थ चित्रण गरिएको छिमेकी कथाले तत्कालीन समाजको समय र परिवेशलाई जीवन्त रूपमा प्रस्तुत गरेको छ । यी सन्दर्भ र परिवेशलाई यथार्थपरक ढङ्गले समेटेको छ । यही सामाजिक यथार्थलाई टेनको समाजपरक अवधारणा जाति, क्षण र पर्यावरणका कसीमा कथाकार मैनालीद्वारा रचित छिमेकी कथाको विश्लेषण गर्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ ।

**साहित्यको पुनरवलोकन**

आधुनिक नेपाली कथाका शिखर पुरुष गुरुप्रसाद मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पाटामा शोध तथा अनुसन्धान भएको पाइन्छ । छिमेकी कथामा मात्र समेटिएर केही अध्ययनहरू भए पनि ती अध्ययन साहित्यको समाजशास्त्रीय अध्ययनमा केन्द्रित हुन सकेका छैनन् ।

ढकाल (सन् २०२०) ले गुरुप्रसाद मैनालीको छिमेकी कथाको आख्यानसंरचना शीर्षक लेखमा नेपाली समाजमा रहेको छिमेकी छिमेकीबिचको सम्बन्धलाई मुख्य विषयवस्तु बनाएका छन् । यस

विषयवस्तुलाई पूर्णता दिनका लागि उनले गुमाने र धनजिते मुख्य पात्र भएको घटनालाई लिएर कथानकको निर्माण गरेका छन् । आख्यानसंरचनाका विविध पद्धतिहरूमध्ये यस अध्ययनमा विलियम ल्याबोभद्वारा प्रस्तुत आख्यानसंरचनाका घटकहरू सारकथन, अभिमुखीकरण, जटिल कार्य, परिणाम र निष्कर्ष, मूल्याङ्कन र समापनका आधारमा निगमनात्मक विधिद्वारा छिमेकी कथाको विश्लेषण गरिएको छ । यस विश्लेषणबाट छिमेकी कथामा आख्यानसंरचनाका घटकहरूको अन्वितिपूर्ण प्रयोग भएकै कारण यो कथा उत्कृष्ट भएको हो भन्ने निष्कर्ष निकालिएको छ । छिमेकी कथालाई आख्यानसंरचनाको सिद्धान्तका आधारमा विश्लेषण गरिएको प्रस्तुत अध्ययन आख्यानसंरचनाका आधारमा कथाहरूलाई बुझ्न चाहने पाठक तथा समालोचकहरूका लागि उपयोगी सामग्री रहेको छ ।

तिम्सिना (सन् २०२२) ले छिमेकी कथामा यथार्थवाद शीर्षकको अध्ययनमा नेपाली कथा परम्परामा आधुनिकता भित्र्याउने कथाकार गुरुप्रसाद मैनालीको छिमेकी कथामा यथार्थवादको प्रयोगलाई विश्लेषण गरिएको छ । यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी गुणात्मक अनुसन्धान ढाँचामा व्याख्या र विश्लेषण गरिएको छ । कथामा करेसा जोडिएका छिमेकी आफन्तभन्दा पनि नजिकको सम्बन्धमा रहेका हुन्छन् र सानातिना समस्यालाई वास्ता नगरी एकलाई पर्दा अर्काको सहयोग गर्नुको विकल्प नहुने विचार प्रस्तुत गरिएको छ । ग्रामीण जनजीवनका यथार्थ घटनामा आधारित रहेको हुँदा पूर्वीय तथा पाश्चात्य यथार्थवादका मान्यताका आधारमा छिमेकी कथा यथार्थवादी भएको निष्कर्ष निकालिएको छ ।

गौतम (सन् २०२३) ले अभिघातका दृष्टिले छिमेकी कथाको विश्लेषण नामक लेखमा अध्ययनको मुख्य समस्या नेपाली साहित्यमा रचना गरिएको छिमेकी कथामा अभिघात केकस्तो रहेको छ ? भन्ने रहेको छ भने उद्देश्य अभिघात चिन्तनका आधारमा छिमेकी कथाको विश्लेषण गर्नु रहेको छ । कथामा उपस्थित भएका पात्रहरू गुमाने र धनजितेमा अभिघात परेको देखाइएको छ । निम्न वर्गका दुई पात्र गुमाने र धनजितेमा एकले अर्कोलाई अशिक्षाका कारण अभिघात भएको छ । अन्त्यमा लामो समयसम्म उनीहरूबिचमा बोलचालसमेत नभएको तर समस्या परेपछि एकले अर्कालाई सहयोग गरेपश्चात् पश्चात्ताप गर्दै दुबै जना मिलेर बसेको घटना प्रस्तुत गरी शोषक,

सामान्तीहरूबाट पीडा पाएको तथा अभिघात भएको कुरा उठाइएको छ । छिमेकमा बसेपछि सानो विषयमा झैझगडा भयो भन्दैमा आउजाउ नै बन्द हुनुपर्ने अवस्था सिर्जना हुनुहुँदैन भन्दै छिमेकमा बसेपछि कहिलेकाहीँ झगडा हुन सक्छ, त्यसले एक अर्कामा अभिघात हुन सक्छ, त्यसलाई बिर्सेर छिमेकमा मिलेर बस्नुपर्छ भन्ने सन्देश कथामा व्यक्त गरिएको छ ।

घिमिरे (विसं २०७९) द्वारा सम्पादित आलेख साहित्यिक मासिक गुरुप्रसाद मैनाली विशेषाङ्क (४८) मा मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरिएको छ । यस विशेषाङ्कमा छिमेकी कथाको कथावस्तु, पात्रका प्रवृत्ति, परिवेश, कृषि सन्दर्भ, सांस्कृतिक पक्ष, द्वन्द्वात्मक अवस्था, न्याय विधान  जस्ता पक्षमा लेखहरू सङ्कलन गरिएका छन् ।

गुरुप्रसाद मैनालीको छिमेकी कथाका सन्दर्भमा विभिन्न पक्षमा शोध तथा अनुसन्धान भएका छन् । आख्यानात्मक संरचना, पात्रमाथिको अभिघात, कथामा यथार्थवादसम्बन्धी आलेखहरू प्रकाशित भएका छन् । छिमेकी कथासँग जोडिएका अन्य विविध पक्षको विवेचना मैनाली विशेषाङ्कमा गरिएको छ । प्रकाशनका हिसाबले उनको दोस्रो कथा हो- छिमेकी (१९९३) । यो मूलतः सामाजिक कथा हो । यस कथाको हालसम्म समाजपरक अध्ययन भएको पाइँदैन । समाजपरक अध्ययनका लागि टेनको जाति, क्षण र पर्यावरणका कसीबाट अध्ययन गर्दा कथाको यथार्थ स्थिति झल्कने भएकाले टेनका सैद्धान्तिक पर्याधारमा छिमेकी कथाको अध्ययन गरिएको हो । यस कथामा जाति, क्षण र पर्यावरणका दृष्टिकोणबाट अध्ययन गर्नु जायज छ भन्नु अध्ययनको दाबी हो । समाजसापेक्ष रचित साहित्यिक कृतिहरूको समाजपरक अध्ययन हुनु अर्थात् टेनको जाति, क्षण र पर्यावरणका सैद्धान्तिक आधारमा कृतिको अध्ययन विश्लेषण गर्नका लागि यो अध्ययन उपयोगी हुने भएकाले यस अध्ययनको महत्त्व रहेको छ । त्यसैले उनको छिमेकी कथामा जाति, क्षण र पर्यावरणका आधारमा समाजपरक अध्ययन विश्लेषण गर्नु अध्ययनको विषय हो र यस अध्ययनमा त्यसैको वस्तुगत विश्लेषण गरिएको हुँदा प्रस्तुत अध्ययनको निकै नै महत्त्व देखिन्छ । यस अध्ययनबाट विभिन्न विज्ञ, विद्यार्थी वर्ग, शिक्षक वर्ग र अध्ययनकर्तालाई फाइदा पुग्ने देखिन्छ ।

### अध्ययनको सीमा निर्धारण

प्रस्तुत अध्ययनको प्रमुख क्षेत्र गुरुप्रसाद मैनालीको छिमेकी कथाको समाजपरक अध्ययन हो । यसका लागि टेनले विकास गरेको मान्यता जाति, क्षण र पर्यावरणलाई आत्मसात् गरिएको छ । यस अध्ययनमा अन्य कोणबाट विश्लेषण गरिएको छैन । यही नै यस अध्ययनको सीमा हो ।

### अध्ययन विधि

प्रस्तुत आलेखका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन विधिका माध्यमबाट सम्पन्न गरिएको छ । अध्ययन विधिअन्तर्गत तथ्याङ्क विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा पर्दछन् । प्रस्तुत लेखमा कथाकार गुरुप्रसाद मैनालीद्वारा लेखिएको छिमेकी कथाको समाजशास्त्री हिप्पोटाइट एडल्फ टेनको जाति, क्षण र पर्यावरणका आधारमा विश्लेषण गरिएको छ । यहाँ पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । गुरुप्रसाद मैनालीद्वारा लिखित र सर्वप्रथम शारदा पत्रिकामा विसं १९९३ मा प्रकाशित तथा पछि गएर विसं २०२० मा नासो कथासङ्ग्रहमा सङ्गृहीत छिमेकी कथालाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । कथा विश्लेषणका लागि टेनको साहित्यको समाजपरक अध्ययन विश्लेषण गर्ने सैद्धान्तिक आधार जाति, क्षण र पर्यावरणसम्बन्धी पुस्तक, शोधप्रबन्ध, अनुसन्धानमूलक लेखरचना, पत्रपत्रिका, विद्युतीय सामग्रीको उपयोग गरिएको छ । मैनालीको छिमेकी कथाका बारेमा विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेखरचना तथा स्वतन्त्र अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ ।  छिमेकी कथा साहित्यिक रचना भएकाले यसमा गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । यसमा खासगरी पाठविश्लेषण पद्धतिको अनुसरण गरिएको छ । छिमेकी कथाको सूक्ष्म पठन गरेर यसमा टेनले साहित्यको विश्लेषण गर्न प्रयोग गरेका जाति, क्षण र पर्यावरणका सूचकका आधारमा विश्लेषण गर्ने काम गरिएको छ ।

साहित्य र समाजको सम्बन्धलाई वैज्ञानिक तरिकाले अध्ययन तथा विश्लेषण गर्ने विधि नै साहित्यको समाजशास्त्र हो । साहित्यको आफ्नै प्रकारको समाज हुन्छ, त्यही समाजको उत्पत्ति तथा इतिहास निर्माणको अध्ययन साहित्यको समाजशास्त्रले गर्छ । साहित्यिक कृतिभित्र वर्णित समाजको विश्लेषणका लागि साहित्यको समाजशास्त्रकै सहारा लिनुपर्छ । साहित्यको समाजशास्त्रले वैयक्तिक

विश्लेषणलाई महत्त्व दिँदैन । यसो हुँदा साहित्यको समाजशास्त्रीय अध्ययन पद्धति र मान्यताहरूबारे विद्वान्हरूको विचारलाई प्राप्त सामग्रीका रूपमा प्रस्तुत गर्ने काम यस आलेखमा गरिएको छ । साहित्यको समाजपरक अध्ययनका निम्ति साहित्यको समाजशास्त्रीय अध्ययनबाट विशिष्ट पद्धतिहरू लिने काम गरिएको छ । यसर्थ यहाँ छिमेकी कथाको समीक्षा गर्दा टेनको जाति, क्षण र पर्यावरणलाई सैद्धान्तिक पर्याधार बनाइएको छ । प्रस्तुत लेखका निम्ति सङ्कलित सामग्रीको विश्लेषण गर्ने मुख्य सैद्धान्तिक आधार नै टेनबाट प्रतिपादित समाजशास्त्रीय मान्यता हो ।  टेनद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय सिद्धान्तले कुनै पनि कृतिभित्र केकस्तो जाति, क्षण र पर्यावरणको चित्रण केकसरी गरिएको छ ? त्यसको वस्तुपरक एवम् वैज्ञानिक ढङ्गले अध्ययन गरिनु पर्दछ भन्ने मान्यता राख्दछ ।

टेनको यस मान्यताले स्रष्टा बाँचेको समय र उसले देखेभोगेका सामाजिक, आर्थिक आदि पर्यावरणलाई आधार मानी साहित्यिक रचनाभित्रको समाजको वैज्ञानिक परीक्षण गर्दछ । यसले स्रष्टाको सामाजिक स्थिति र त्यस वेलाको जाति, क्षण र पर्यावरणको प्रभाव रचनाभित्र केकस्तो छ, वस्तुपरक ढङ्गले त्यसको अन्तर्सम्बन्धको गवेषण गर्दछ । अतः सैद्धान्तिक ढाँचाअन्तर्गत यस लेखमा प्रयुक्त जाति, क्षण र पर्यावरणको खोजी गर्ने कार्यलाई मुख्य विषय बनाइएको छ ।

## नतिजा र छलफल

### विश्लेषणको सैद्धान्तिक आधार

साहित्य र समाज एकअर्काका परिपूरक हुन् । साहित्य र समाजको अध्ययन गर्ने शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यको समाजशास्त्रले समाजनिर्माण र विकासमा योगदान पुऱ्याउँछ । साहित्यलाई समाजका रूपमा लिएर अध्ययन गरिन्छ । साहित्यमा भएका घटनाले समाजको यथार्थलाई झल्काइदिन्छन् । साहित्यको समाजशास्त्रको औपचारिक सुरुआत गर्ने फ्रान्सेली दार्शनिक तथा समालोचक हिप्पोलाइट एडल्फ टेन (सन् १८२८ -१८९३) ले प्रतिपादन गरेको समाजशास्त्रीय मान्यता जाति, क्षण र पर्यावरणसम्बन्धी विचारले समाजपरक समालोचनाको दृष्टिकोणलाई अझै सशक्त र फराकिलो बनाएको छ । टेनले आफ्नो कृति 'अङ्ग्रेजी साहित्यको इतिहास' (सन् १८६४) मा साहित्यको समालोचना जाति, क्षण र पर्यावरणका आधारमा गर्न सकिने अवधारणा प्रस्तुत गरेका छन् ।

समाजशास्त्रीय आधार साहित्यसँग जोडिएको हुन्छ । साहित्यको अध्ययनबाट त्यस समयका मानिसको भावना, विचार र जीवन अवस्थाबोध हुन्छ (रेग्मी, सन् २०२२ पृ. ८८) । समाजशास्त्रलाई सैद्धान्तिक आधारमा चर्चा गर्ने क्रममा टेनले साहित्य र समाजलाई जोड्ने काम गरेका छन् । टेनले 'अङ्ग्रेजी साहित्यको इतिहास' नामक पुस्तकको प्रस्तावनामा प्रत्यक्षवादको सार खिचेका छन् । यो अनुसन्धानले समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाएको छ । साहित्य र समाजलाई जोड्ने काम गरेका छन् । (पौडेल, सन् २०२३, पृ. ८१) । यसरी हेर्दा समालोचनाको सामाजिक दृष्टिकोणको व्यापक सैद्धान्तिक प्रस्फुटन भने टेनबाटै हुन्छ । उनी क्षण, युग र जातिका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्छन् र सामाजिक समालोचनाका प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता बन्न पुग्छन् (त्रिपाठी, २०६५, पृ. ४१२) ।

साहित्य एक वा अर्को प्रकारले जीवनकै अभिव्यक्त हो भने जीवन व्यक्तिगत भएर पनि सामाजिक भोगाइ हो; यही जीवनभोगाइबाट लेखकको चेतना निर्मित हुन्छ । मूलतः साहित्य यही व्यक्तिचैतन्यकै अभिव्यक्ति हो तर परिवेश वा समाजकै चापमा सो व्यक्तिचैतन्य विकसित हुन्छ । लेखकको सामाजिकताको आधार यही हो (त्रिपाठी, २०६५, पृ. ४१२) । साहित्य समालोचनाका परम्परामा समाजपरक दृष्टिकोण वर्तमान शताब्दीमा अत्यन्त प्रबल एवम् उपयोगी सिद्ध भएको पाइन्छ । साहित्य र समाजबिच अन्योन्याश्रित सम्बन्ध हुने भएकाले साहित्यिक अध्ययन र प्रभावको व्याख्या एवम् विश्लेषण गर्नमा यो समाजपरक समालोचनाप्रणाली विशेष सहयोगी साबित भएको देखिन्छ (श्रेष्ठ, २०६७, पृ. २१७) ।

लेखकका समाजमा प्रचलित धर्म, संस्कृति, रीतिरिवाज, आर्थिक स्थिति आदिको तुलना यसमा गरिन्छ । यो सिद्धान्तले कृतिमा समाविष्ट समाजलाई मूल्याङ्कनमा लिई लेखकको समाजको अध्ययन गर्नुका साथै सामाजिक विचार र लेखकका विचारबाट प्रदत्त निष्कर्षको खोजी गर्दछ । यसले लेखकको सामाजिक स्थिति हेर्नुका साथै त्यस वेलाको जाति, पर्यावरण र क्षणको प्रभाव कृतिभित्र केकस्तो छ भन्ने कुराको अन्तर्सम्बन्धको खोजी गर्दछ । यसको मूल सरोकार कुनै कालखण्डको समाज, मान्छेको सामाजिक जगत् र त्यस जगत्भित्र उसको अनुकूलता र त्यसलाई बदल्ने इच्छा शक्ति नै हुन् । यहाँ टेनका जाति, क्षण र पर्यावरणको सङ्क्षेपमा सैद्धान्तिक चर्चा गरिएको छ :

## *जाति*

टेनका मतमा साहित्यको समाजशास्त्रीय अध्ययनकर्ताले साहित्यमा व्यक्त भएको प्रजातिका विषयमा अध्ययन गर्नुपर्छ किनभने साहित्यकारले आफ्नो सिर्जनाको सामग्री आफ्नो समाजको प्रजातिबाट लिएको हुन्छ । टेनले प्रजातिलाई वंशाणुगत गुण, शारीरिक बनावट तथा जातजातिका प्रतिभा, स्वभाव, विशेषता एवम् पारस्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् (छेत्री, २०६४, पृ. २१) । साहित्यको समाजशास्त्रीय अध्ययनका लागि टेनद्वारा प्रतिपादित महत्त्वपूर्ण तीन आधारहरूमध्ये जाति एक प्रमुख आधार हो । जातिअन्तर्गत उनले व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट, शारीरिक संरचना आदिको चर्चा गरेका छन् ।

टेनले वंशाणुगत स्वभाव भएका व्यक्तिहरूलाई प्रजातीय मूल्य दिएका छन् । मान्छे विभिन्न जातजाति बनेर विश्वभरि फिँजिएर पनि प्रत्येक मान्छेमा उसको मुख्य जातिगत विशेषता रहेको हुन्छ । जहाँ पुगे पनि उसले प्रारम्भमा सिकेका आफ्ना जातिगत विशेषताहरू  जस्तो : खानपान, बोलाइ, हिँडाइ, रीतिरिवाज आदि उसको आदर्शका रूपमा रहिरहन्छन् (जैन, सन् १९९२, पृ. २२) । प्रत्येक पुस्तक कुनै समयका प्रजातिहरूको छायाँ तथा खोज जस्तो हुन्छ जसरी कुनै प्राणीको अध्ययन गर्दा उसका अवशेष र उत्खननबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ । प्राचीन अवशेष र पुस्तक दुबै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको पहिचान गरेर त्यसको पुनःनिर्माण गर्न सकिन्छ (पाण्डेय, १९८९, १२६-१२८) । यसर्थ टेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा लिएका छन् ।

कुनै पनि जाति कस्तो जलवायु र भूगोलमा विचरण गर्दछ भन्ने कुरा भिन्न जलवायु र भूगोलको सापेक्षतामा हेर्न सकिन्छ । वास्तवमा यस अवस्थितिले जातिगत स्वरूप निर्धारण गर्दछ । समान नश्लीय सम्बन्ध रहे तापनि भौगोलिक सीमा फरक फरक भएमा वा भूगोलअनुसारको जलवायुगत परिवर्तनले जातिगत स्वरूप निर्धारण गर्दछ (चौहान, २०७४, पृ. २१) । साहित्यको समाजशास्त्रीय अध्ययन गर्दा साहित्यिक कृतिमा प्रयुक्त पात्रका बोली, व्यवहार, चरित्र, जीवनचर्या,

संस्कार, संस्कृति आचरणका साथै शारीरिक बनावटका आधारमा जातिगत अध्ययन गर्न सकिने कुरा टेनले अगि सारेका छन् ।

साहित्यकारले समाजमा विद्यमान प्रजातिका गुणहरू आफ्नो कृतिमा प्रस्तुत गर्दछ । तत्कालीन समाजका व्यक्तिहरूका जीवनभोगाइ र अनुभवहरू पनि कृतिमा प्रस्तुत गरेको हुन्छ (न्यौपाने, सन् २०२२, पृ. २३) । संसारमा मानिस एक्लै रहँदैन, उसका चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । उसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक, सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन् (पाण्डेय, सन् २०१२, पृ. ६) । सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानवजाति तथा प्रजातिबारे जान्नु हो भन्ने टेनले जातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा अँगालेका छन् । यहाँ पनि जातिलाई त्यसै सन्दर्भमा बुझ्नका लागि सोहीअनुसार विश्लेषण गरिएको छ ।

टेनका अनुसार व्यक्तिका विशेषता, आनुवंशिकता, मानसिक बनावट र शारीरिक संरचना जस्ता पक्षहरू पनि जातिअन्तर्गत पर्दछन् (पाण्डेय, १९८९, पृ. १२४) । आनुवंशिकताले वंशपरम्पराबाट आर्जित विशेषतालाई बुझाउँछ भने मानसिक बनावट तत्कालीन सामाजिक र राजनीतिक परिस्थितिसँग सम्बद्ध हुन्छ । उनले प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीरसंरचनाका रूपमा गरेका छन् । उनले प्रजातिको विशिष्ट चेतना वा सौन्दर्यानुभूति चरित्रमा देखापर्ने कुरा बताएका छन् (सिलवाल, सन् २०२४, पृ. ६१) ।

***क्षण***

समाजशास्त्री टेनका हेराइमा साहित्यिक कृतिलाई विश्लेषण गर्न सकिने अर्को आधार क्षणको पहिचान हो । साहित्यकारले भोगेको जीवन साहित्यमा अभिव्यञ्जित भएको हुन्छ । साहित्यिक कृतिको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा त्यस समयका मानिसहरूको अवस्था अभिव्यक्ति गर्दछ (पाण्डेय, सन् १९८९, १२४) । टेनअनुसार लेखक आफ्नो युगका विषयमा सचेत हुन्छ । उसले आफ्नो कृतिमा व्यक्त गरेको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा परिभाषित गरेको हुन्छ (स्विङउड, सन् १९७२, पृ. ३५) । टेनले द हिस्ट्री अफ इङ्लिस लिटरेचर कृतिको प्रस्तावनामा क्षणलाई युग वा समयका रूपमा उल्लेख गर्दै साहित्यकारले कुनै अवस्थामा

देखेभोगेका र अनुभव गरेका कुरालाई आफ्ना कृतिहरूमा क्षणका रूपमा प्रयोग गर्ने कुरा बताएका छन् (छेत्री, २०६४, पृ. २४) । साहित्यकारले देखेभोगेको एवम् अनुभव गरेको समय वा कालका रूपमा नै क्षणलाई लिइन्छ । यस क्रममा कुनै समाजमा बस्ने व्यक्तिहरूलाई धर्म, संस्कृति र सभ्यता जस्ता कुराहरूले कसरी प्रभाव पार्दछ र प्रभाव पार्नका कारणहरू के के हुन् भन्ने कुराहरू पनि क्षणका रूपमा आएको देखिन्छ ।

लेखकले आफ्नो जात, समाज तथा राष्ट्रको भावनाका साथै आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एउटा युगको अभिलेख हो । दर्पणले वस्तुको आकृति देखाए  जस्तै साहित्यले पनि समयको प्रतिविम्ब प्रस्तुत गर्दछ । साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजीलाई टेनले समाजशास्त्रीय अध्ययनको एउटा विषय मानेका छन् (प्रभात, सन् २०१८, पृ. १२७) । साहित्यकार जुन युगमा बाँचेको हुन्छ, त्यस युगको आफ्नै सामाजिक समस्या, सांस्कृतिक मान्यता एवम् विश्वास हुन्छ । तिनै समस्या, विश्वास तथा मान्यतालाई समग्र रूपमा परिवेश भनिन्छ । प्रत्येक साहित्यकारले जन्मदेखि नै आफ्नो वरपरको परिवेशबाट प्रभाव ग्रहण गर्दछ (काफ्ले, २०२०, पृ. ७८) । यसरी कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ जसलाई साहित्यकारले आफ्ना कृतिमार्फत व्यक्त गर्दछ ।

***पर्यावरण***

साहित्यको समाजशास्त्रीय अध्ययनमा टेनले पर्यावरणलाई पनि मुख्य आधारका रूपमा लिएका छन् । टेनका विचारमा पर्यावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । यसरी भौगोलिक वातावरणले साहित्यमा प्रभाव पारेको हुन्छ । समाजमा मान्छे एक्लो हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा चारैतिर घेरिएको हुन्छ (पाण्डेय, सन् १९८९, पृ. १२८) । साहित्यमा पर्यावरणको भूमिका रहन्छ । सामाजिक पर्यावरणमा आर्थिक, सांस्कृतिक र मनोसामाजिक प्रभाव परेको हुन्छ । जसको अनुभव साहित्यिक कृतिमा परेको देखिन्छ । साहित्यकार जुन युगमा बाँचेको हुन्छ त्यस युगको आफ्नै सामाजिक समस्या, सांस्कृतिक मान्यता एवम् विश्वास हुन्छ । यिनै समस्या, मान्यता तथा विश्वासलाई समग्र रूपमा पर्यावरण भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. १२९) । साहित्यिक कृति कुनै समय विशेषको दर्पण हुने भएकाले त्यसका माध्यमबाट सो

युगको सजीव चित्र प्रस्तुत गर्न सकिन्छ र महान् साहित्य युग चेतनाको मूर्तभ्फैं हुन्छ (जैन, सन् १९९२, पृ. २२) । लेखक बाँचेको समाज वरिपरि रहेका प्रकृति, जमिन, नदीनाला, मौसम आदिलाई वातावरणका रूपमा लिइन्छ । यस्तो वातावरणमा जन्ममृत्यु, आचारविचार, परम्परा आदि कुराहरूले प्रभाव पार्दछ ।

समाजशास्त्र समाज र सामाजिक मान्छे, सामाजिक संस्थाहरूको अध्ययनको दस्तावेज हो । यसले समाजमा बसोबास गर्ने विभिन्न धर्म, जातपात, लिङ्ग, वर्ण र प्रकृतिका मान्छे र उनीहरूको सामूहिक स्वरूपका बारे अध्ययन  गर्दछ । यसले उत्पादनका आधारमा धार्मिक र सांस्कृतिक स्थिति र सामूहिक मानसिकतालाई जोड दिन्छ (श्रेष्ठ, २०६७, पृ. ३१४) । साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा टेनले जाति र क्षण जस्तै पर्यावरणलाई पनि एउटा भरपर्दो आधारका रूपमा प्रस्तुत गरेका छन् । पर्यावरण (परिवेश) को उनको आशय प्राकृतिक परिवेशसँग भए तापनि यसअन्तर्गत सामाजिक परिवेशलाई पनि समावेश गरेका छन् (पाण्डेय, सन् १९८९, पृ. १२५) । साहित्यको विश्लेषणका क्रममा बाह्य भौगोलिक पर्यावरणका साथै राजनीतिक, सामाजिक, आर्थिक र पात्रको मानसिक पर्यावरणलाई पनि कृतिको अध्ययनको आधार बनाइएको हुन्छ । यसप्रकार सामाजिक व्यवस्था र त्यसले सामाजिक व्यक्तिहरूमा पारेको प्रभाव तत्कालीन सामाजिक र मानसिक परिवेश वा पर्यावरण हुन्  (श्रेष्ठ, २०६७, पृ. ३१८) । साहित्यकारको व्यक्तिगत स्वभाव निर्माणदेखि लिएर उसको विचार निमार्णका लागि समेत ऊ बाँचेको समाजको भौतिक तथा सामाजिक परिवेशको अहम् भूमिका हुने भएको हुनाले यसलाई साहित्यको विश्लेषणका लागि एक आधार बनाइएको हो (पौडेल, सन् २०१९, पृ. १५९) ।

कुनै पनि सर्जकले आफ्ना कृतिमा प्रयोग भएका पात्रहरूलाई कुनै न कुनै परिवेशसँग सम्बन्धित बनाई त्यस ठाउँको सेरोफेरोमा आफूले देखेसुनेका र भोगेका घटनाहरूलाई प्रस्तुत गरेको हुन्छ । कृतिमा पात्रका माध्यमबाट सर्जक बाँचेको समयका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक, भौगोलिक, मनोवैज्ञानिक आदि परिवेशसम्बद्ध सूचकहरू प्रस्तुत भएका हुन्छन्, तिनै साक्ष्यका आधारमा कृतिभित्रको समाजको अध्ययन गर्न सकिने दृष्टिकोण टेनको यस अवधारणामा अगि सारिएको छ ।

## छिमेकी कथाको आख्यान सन्दर्भ

गुरुप्रसाद मैनालीको छिमेकी (१९९३) कथा नेपाली पहाडी ग्रामीण परिवेशमा आधारित सामाजिक यथार्थवादी कथा हो । यस कथाका प्रमुख पात्रहरू गुमाने र धनजिते हुन् । यी दुबै करेसो जोडिएका छिमेकी हुन् । असार महिनाको समय भएकाले धान रोप्ने कामको चटारो छ । टन्टलापुर घामका कारण गाउँलेहरू चौतारामा जम्मा भएका छन् । धर्मानन्द पाध्ये गफ दिँदै हुन्छन् । त्यत्तिकैमा गुमानेका गोरु धनजितेको धानको बिउमा पसेपछि धनजितेले गोरुलाई बेस्सरी पिट्दै धपाउँछ । बर्खामासका आजै जोत्नुपर्ने आफ्ना गोरुलाई दया छाडेर पिटेको देखेपछि गुमाने रिसाउँछ र दुबैका बिचमा झगडा हुन्छ । गाउँको सामन्त धर्मानन्दले गुमानेलाई उक्साउँछ । त्यसपछि भनाभन मात्र होइन हात हालाहाल हुन्छ । छिमेकीहरूले गुमाने र धनजितेलाई छुट्याउँछन् । दुबै जना कसैको इज्जतहुर्मत बाँकी नराखी बाझ्दै घरतर्फ लाग्छन् । उनीहरूबिच बोलचाल बन्द हुन्छ ।

भदौका बिचतिर गाउँमा आँठे रोगको महामारी फैलिन्छ । गुमानेको अग्रसरतामा गाउँका सारा मानिस भेला भएर घाटकी देवी र गाउँका भूमेको पूजा गर्छन् । यस कार्यमा धनजिते आउँदैन । पूजा गरेका पर्सिपल्ट गुमानेकी स्वास्नी सिकिस्त हुन्छे । त्यसपछि धनजितेलाई समाउँछ । तीन दिनपछि उसकी स्वास्नी पनि बिरामी हुन्छे । दुबैलाई पानी दिनेसम्म कोही हुँदैनन् । आँठेले इन्तुनचिन्तु भई लडेको, दिसापिसाबको होस नभएको धनजितेको परिवारको दयनीय अवस्था देखेर गुमानेको मन पग्लन्छ र उसले मन लगाएर धनजितेको सेवा गर्छ । छिमेकमा यस्तो बिजोग भइरहेको वेलामा रुपैयाँको लोभ देखाउँदै आसामरु साहु गुमानेलाई सहरबाट सामान ल्याइदिन प्रभाव पार्छ तर ऊ साहुको लोभमा नपरी उल्टै छिमेकीको महत्त्व बुझाउँछ । अलि ठिक भई बिउँझेपछि धनजितेले गुमानेले गरेको गुन देख्छ । उसलाई विगतप्रति पछुतो लाग्छ र गुमानेसँग माफी माग्छ । दुबैमा मेल हुन्छ र कथा समाप्त हुन्छ ।

## छिमेकी कथामा जाति, क्षण र पर्यावरणको पहिचान र विश्लेषण

### *जातिगत साक्ष्यहरू*

क. धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थे । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो । धनजिते भोटे पसलका डिलमा बसेर घुम बुन्न लागेको थियो । यी सरल

किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन । केवल बखतबखतमा पानी परिदिए, खेतीकमाइबाट सरकारको तिरो, साहूको ब्याज, वर्ष दिनलाई अन्न, वस्त्र, नुन, तेल पुऱ्याउन सके पुगेको थियो । (पृ. १२)

ख. धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए; वीरसिक्का पढ्थे; गाउँको बुज्रुक हुँ भन्ने घमन्ड गर्थे; मानिसलाई लडाएर तमासा हेर्ने स्वभाव थियो । (पृ. १२)

ग. किसानहरू सबै कुरा सहन सक्छन्, परन्तु बस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन् । (पृ. १३)

घ. असार महिनाको दिनभर जोत्नुपर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका केही थिएनन् ।  जुरुक्क उठेर भन्यो- “बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस्, ए धनजिते !”

आजभोलि रोप्ने बीउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सही नसक्नुभो । पाखुरा सुर्कंदै भन्यो- “तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर !” (पृ. १३)

ङ. गुमानेका कनसिरी अगि नै तातिसकेका थिए, धर्मानन्दका कुराले झन् भुतुक्क भो । निर्धाको हात छिटो चल्छ भन्छन्, “किन मुख छोड्छस्, ए धनजिते डाँकू !” भनेर हात मिसिहाल्यो । धनजिते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुबै जना लठारिँदै चौतारीमुनि पुगे । तमासा हेर्नेको ठट लाग्यो । (पृ. १३)

च. गुमाने दौराको फेर निचोर्दै पसलका डिलमा बसेर धनजितेसित अघोरसँग बाझ्न लाग्यो- “बाबुले धुलिखेलेको भारी चोऱ्यो र तीन दिनसम्म छिँडीमा जाकेथ्यो, ठूलो हुन्छस् !”

“काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खेलौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् !” (पृ. १३)

छ. चौतारामा झगडा भएदेखि धनजिते र गुमानेको बोलचाल बन्द भो । बाटामा धनजितेलाई देख्यो भने गुमाने तर्केर हिँड्थ्यो । (पृ. १३)

ज. गुमानेले जान्ने बसायो । गाउँका सारा मानिस जम्मा भए, तर करेसो जोरिएको धनजिते आएन । जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धूमधामसँग पूजा गरे । (पृ. १४)

झ. पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी । बिचरी झन्नै खुस्की थी, बाँची । त्यसपछि धनजितेलाई समात्यो । तीन दिनपछि स्वास्नीचाहिँ लडी । एकातिर इन्तु न चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर जराका तोडले धनजिते बरबराउन लागेको थियो । (पृ. १४)

ञ. बलको तुजुक थियो, मलाई सधैँ यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो, दौँतर हो, यस्तो आपत्‌मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?" (पृ. १४)

ट. गुमाने धनजितेकहाँ पुग्यो; गाई, बाख्रा फोएर पाखातिर लाइदियो । धनजिते मूढो लडेझैँ उत्तानो परेर लडिरहेको थियो । दिसापिसाबको होस थिएन । ओढ्ने ओछ्याउने फेरिदियो; गुमानेले एक छिन छोडेन । (पृ. १५)

ठ. "के रुपियाँको लोभ देखाउँछौ साहू, गरिब छु, निमेकमजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन । छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन् । यस्ता वेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ, धनजितेका झैँ चार दिन अन्न न पानी भएर लड्नुपरे थाहा पाउने थियौ ।" (पृ. १५)

ड. आसामरुको र गुमानेको खलबल सुनेर धनजितेले आँखा उघार्‍यो । धनजितेले हेरेको देखेर गुमानेले भन्यो, "कस्तो छ माहिला दाइ ?"

"मो मार्छ कि कान्जा, तौँ कोइले आइस् !"

"पाँच दिन भो दाइ, तिमीहरू दुबै लोग्नेस्वास्नी लडिहाल्यौ । गाईबाख्रा भोकभोकै कराउन थाले, बिजोक हेर्न सकिनँ, दौडेर आएँ । तिम्रो  जस्तो ढुङ्गाको मन म कहाँ पाऊँ !"

"पोलेको घाउमा नुन ना छार् कान्जा, मो आधाम हो, क्षामा गर् ।" (पृ. १५-१६)

ढ. धनजिते हिँडडुल गर्न लाग्यो । गुमानेलाई एक छिन छोड्दैन । वन, मेलापात जहाँ गए पनि दुबै जना सँगै जान्छन् । आजकल कसैले गुमानेको बद्खोई गरेको सुन्यो भने धनजिते झगडा गर्न अगि सर्छ । (पृ. १६)

***जातिगत साक्ष्यहरूको विश्लेषण***

क. गुमाने घर्ती र धनजिते भोटे छिमेकी कथाका प्रमुख पात्र हुन् । दुबै निम्नवर्गीय चरित्र हुन् । गुमाने मगर सम्प्रदायको हो भने धनजिते तामाङ । दुबै करेसो जोडिएका छिमेकी हुन् । दुबैको पेसा खेतीपाती हो । उनीहरू सरल र इमानदार किसान हुन् । इमानदारिता नै सर्वोत्तम नीति हो भन्ने भावलाई दुबैले अङ्गीकार गरेका छन् । दुबै साहुको ऋणबाट ग्रसित देखिन्छन् । राज्यलाई तिर्ने करमा दुबै सचेत छन् । धर्मानन्द पाध्ये कथाको सहायक पात्र हो । ऊ गाउँको अगुवाका रूपमा प्रस्तुत सामन्त वर्गको प्रतिनिधि पात्र हो । अरूलाई काममा फुर्सद छैन भने उसलाई गफ गर्नमा । यी तीनै जना हाम्रै समाजका पात्र हुन् ।

ख. धर्मानन्द पाध्ये ठटेउलो किसिमको पात्र हो । ‘वीरसिक्का’ पढ्नुले ऊ शिक्षित पात्रका रूपमा देखिन्छ । ‘वीरसिक्का’ (विसं १९४६) शिवदत्त शर्माद्वारा रचित नेपाली साहित्यको माध्यमिककालीन उपन्यास हो । यसमा शौर्य, वीरता, पराक्रम, साहस, नीति, धर्म, राजनीति, रोमान्स, कपटनीति एवम् प्रेमका रोचक र घतलाग्दा कुराहरू छन् । ब्राह्मण समुदायका धर्मानन्द गाउँकै बुज्रुक भनी घमन्ड गर्ने पात्र हो । सर्वसाधारण गाउँलेलाई अनेक बहानामा लडाएर तमासा हेर्ने उसको स्वभाव देखिन्छ । शिक्षित भएर पनि समाजको कुशल नेतृत्व नगर्ने प्रतिकूल पात्रका रूपमा ऊ चित्रित छ ।

ग. नेपाल कृषिप्रधान देश हो र यहाँका अधिकांश मानिस यही पेसामा संलग्न छन् । २००७ अगि रचित यस कथामा किसानहरूले बालीनाली र गाईवस्तुलाई अत्यधिक प्रेम गरेको पाइन्छ । यसविपरीत काम गर्नेलाई जस्तोसुकै प्रतिकार गर्न उनीहरू पछि नपर्ने तथ्य यसमा प्रस्तुत छ ।

घ. गाउँको बुज्रुक भनिने धर्मानन्दले घरी गुमाने त घरी धनजितेलाई उकासेर दुबैलाई लडाउने र भिडाउने कार्य गरेको छ । सरल व्यवहार गर्ने किसानलाई भँडुवा धर्मानन्दले गरेको घात यहाँ धनजितेविरुद्ध लड्न गुमानेलाई उक्साएबाट पुष्टि हुन्छ ।

ङ. गुमाने र धनजिते निर्धा पात्र हुन् । उनीहरू दुबै अशिक्षित भएकाले बुद्धिभन्दा पहिले बल प्रयोग गर्छन् । उनीहरू कुनै कुरामा सहन नसकेपछि झगडा र कुटपिट गरिहाल्छन् । धर्मानन्दलगायत अन्य मानिस उनीहरूलाई साम्य पार्नभन्दा लडाएर तमासा हेर्न उत्सुक देखिएको अवस्था यहाँ देखाइएको छ ।

च. गुमाने र धनजिते झगडा गर्ने क्रममा आफ्ना बाबुबाजेको इज्जतलाई पनि गिराउन पछि नपर्नुले सर्वसाधारण किसानमजदुर आफूलाई हेप्ने वा दुःख दिने व्यक्तिका सबै परिवारप्रति नकारात्मक धारणा बनाउने गरेको यथार्थ यहाँ प्रस्तुत छ ।

छ. निम्नवर्गीय व्यक्ति झगडा भएपछि बोलचाल बन्द गर्ने, पानी बाराबार गर्ने, अर्मपर्म बन्द गर्ने र एकले अर्कालाई सत्तोसराप गर्ने प्रवृत्तिलाई यहाँ चित्रण गरिएको छ ।

ज. निम्नवर्गीय, इमानदार अनि अशिक्षित व्यक्ति अन्धविश्वासमा जेलिएको कुरा गाउँमा महामारी आएपछि गुमानेले जान्ने बसाएको कुराबाट पुष्टि हुन्छ । गुमानेको आमन्त्रणलाई स्विकारी सारा गाउँले उपस्थित भई पूजा गरे पनि करेसो जोडिएको धनजिते गुमानेसँगको वैमनस्यका कारण पूजामा सहभागी हुँदैन ।

झ. पूजापछि गुमानेकी स्वास्नी बिरामी हुन्छे तर छिटै निकी हुन्छे । यसपछि धनजितेको परिवारलाई नै आक्रान्त पारेपछि दुबै इन्तुनचिन्तु भएर लड्छन् । पूजामा सामेल नभएका कारण धनजितेको परिवारले बढी सास्ती भोगेको हो कि भन्ने भाष्य यहाँ परोक्ष रूपमा देखाइएको छ ।

ञ. धनजिते र गुमाने दुबै प्रमुख पात्र हुन् यस कथाका । दुई जनामा बढी सामाजिक र सहयोगी अनि अरूको मर्म बुझ्ने पात्रका रूपमा गुमानेलाई देखाएर बैगुनीलाई गुनले मार्नुपर्छ र पापधर्मका कुरामा धर्मको साथ दिनुपर्छ भन्ने भाव जागृत भएको देखाइएको छ ।

ट. गुमाने धनजितेकहाँ गएर गाईबाखाको हेरचाह गरिदिनु र आफ्ना सारा काम छाडेर मुढो लडेझैँ उत्तानो परेको धनजितेको परिवारलाई स्याहारसुसार गरेर स्वस्थ बनाउनले गुमानेलाई असल छिमेकीका रूपमा चित्रण गरिएको छ ।

ठ. यस कथाको अर्को सहायक पात्र आसामरु साहु हो । ऊ नेवार समुदायको व्यक्ति हो । साहुमहाजनले कसरी हुन्छ आफ्नो मात्र दुनो सोझ्याउँछन् भन्ने यथार्थ यहाँ मुखरित छ । अरू

समयभन्दा धनजिते बिरामी परेको र गुमानेले उसलाई स्याहार गरिरहेको अवस्थामा बढी ज्यालाको लोभ देखाएको छ तर इमानदार गुमानेले रुपैयाँपैसाको वास्ता नगरी धनजितेको स्वास्थ्य सुधारका लागि काम गरेर असल छिमेकीको धर्म निर्वाह गरेको छ । साथै आफूले त्यसबखत सहिदिएको भएर यो हविगत नहुने बुझाइ गुमानेको छ ।

ङ. आसामरु र गुमानेको कुराकानी सुनेर धनजितेले आँखा उघारेपछि गुमानेले बिमारको जानकारी लिएको छ । धनजितेले आफूले गरेको अक्षम्य गल्तीप्रति माफी मागेको छ ।

ढ. धनजिते हिँडडुल गर्न सक्ने नहुँदा गुमानेले एकछिन पनि उसलाई छाड्दैन । त्यस्तै धनजिते ठिक भएपछि ऊ गुमानेलाई एकछिन पनि छाड्दैन । यसरी कठिन परिस्थितिमा एकले अर्कालाई नछाड्नु र सहकार्य गरेर काम गर्नुले अन्तिममा असल छिमेकीको दृष्टान्त पेस गरेका छन् । यहाँ कथाकार मैनालीको मुख पात्रका रूपमा गुमानेको भूमिका सशक्त देखिन्छ ।

***क्षणगत साक्ष्यहरू***

क. असारको महिना थियो । (पृ. १२)

ख. केवल बखतबखतमा पानी परिदिए, खेतीकमाइबाट सरकारको तिरो, साहूको ब्याज, वर्षदिनलाई अन्न, वस्त्र, नुन, तेल पुऱ्याउन सके पुगेको थियो । (पृ. १२)

ग. गुमाने दौराको फेर निचोर्दै पसलका डिलमा बसेर धनजितेसित अघोरसँग बाझ्न लाग्यो- “बाबुले धुलिखेलेको भारी चोऱ्यो र तीन दिनसम्म छिँडीमा जाकेथ्यो, ठूलो हुन्छस् !” (पृ. १३)

घ. साँझ परेपछि पनि बाझ्दै उकालो लागे ।

चौतारामा झगडा भएदेखि धनजिते र गुमानेको बोलचाल बन्द भो । (पृ. १३)

ङ. भदौका आधाआधीतिर गाउँमा आँठे पऱ्यो । पैले एक-दुई दिन रुगा लागे जस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुङ्ग्रे जरो आउँथ्यो, चार-पाँच दिनपछि सन्निपातको लच्छिन देखिन्थ्यो । आठ दिनका दिन खत्तम । (पृ. १४)

च. परार रगतमासीले गाँवै सोतर भो । (पृ. १४)

छ. आखिर घाटकी देवी र गाउँका भूमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो ।” (पृ. १४)

ज. पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी । बिचरी झन्नै खुस्की थी, बाँची । त्यसपछि धनजितेलाई समात्यो । तीन दिनपछि स्वास्नीचाहिँ लडी । (पृ. १४)

झ. यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?" (पृ. १४)

ञ. मिर्मिर उज्यालो भएको थियो । गुमानेलाई खोज्दै आसामरु साहू आइपुग्यो । एकाबिहानै आसामरुलाई देखेर गुमानेले भन्यो- "कति कामलाई उकालो लाग्यौ, साहू ?"

"पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई सहर जाइडिन्ठिस् कि ?" (पृ. १५)

ट. एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छाड्नु हुन्छ ? (पृ. १५)

ठ. धनजिते हिँडडुल गर्न लाग्यो । गुमानेलाई एक छिन छोड्दैन । वन, मेलापात जहाँ गए पनि दुबै जना सँगै जान्छन् । आजकल कसैले गुमानेको बद्खोई गरेको सुन्यो भने धनजिते झगडा गर्न अगि सर्छ ।

***क्षणगत साक्ष्यहरूको विश्लेषण***

क. यहाँ असार महिना कुन वर्षको हो भनी खुलाइएको छैन । यो कथा १९९३ मा प्रकाशित भएकाले उक्त साल वा सोभन्दा अगिको वर्षको हो भन्न सकिन्छ । यो समय सार्वकालिक छ । किसानहरूका लागि मानो खाएर मुरी उब्जाउने महिना हो असार ।

ख. समय समयमा पानी परिदिए बालीनाली राम्रो हुने सन्दर्भ यहाँ उल्लेख छ ।

ग. चोरी गर्दा तीन दिनसम्म छिँडीमा जाक्ने यथार्थ प्रस्तुत छ ।

घ. निम्नवर्गीय किसानहरू झगडा गर्दैनन् तर गरे भने लामो समयससम्म बाझिरहने र त्यसपछि बोलचालसमेत बन्द हुने यथार्थ उल्लेख छ ।

ङ. त्यही असार महिनापछिको भदौ महिनाको सन्दर्भ हो । भदौका बिचमा गाउँमा आएको आँठे महामारीले सुरुमा एकदुई दिन रुगा लाग्ने र त्यसपछि भुङ्ग्रे जरो आउने अनि चारपाँच दिनपछि सन्निपातको लक्षण देखिने र आठ दिनका दिन खत्तम हुने कुरा बताइएको छ ।

च. दुई वर्षअगि पनि रगतमासीले सारा गाउँ सोत्तर बनाएको क्षणको प्रसङ्ग छ ।

छ. अन्ततः घाटकी देवी र गाउँका भूमेको पूजा गरेका दुई दिनपछि रोग साम्य भएको सन्दर्भ छ ।

ज. पूजा गरेको दुई दिनपछि गुमानेकी स्वास्नी थला परेकी र त्यसपछि धनजितेलाई रोगले समातेको अनि त्यसका तीन दिनपछि धनजितेकी स्वास्नी पनि बिरामी परेको क्षण प्रस्तुत छ ।

झ. धनजितेको परिवारमा दुबै जनालाई आक्रान्त पारेपछिको समयलाई दर्साउन यस्तो आपत्मा पदावली प्रयुक्त छ ।

ञ. भदौ महिनाको अन्तिमतिर गुमाने धनजितेको उपचार र स्याहारमा लागेको समयमा मिर्मिर उज्यालो भएको वेला आसामरु साहुले गुमानेलाई सहरबाट भारी बोक्नका लगि दुई दिनको ज्याला दिने कुराले सहर जान र आउन कम्तीमा दुई दिन लाग्ने कुरा पनि यहाँ प्रस्तुत छ ।

ट. कहिलेकाहीँ शब्दले कुनै कुनै वेला भन्ने समयगत अर्थ दिएको छ ।

ठ. धनजिते हिँडडुल गर्न थालेपछि उसले गुमानेलाई एक छिन नछाडेको र वन, मेलापात जहाँ गए पनि दुबै जना सँगै जाने गरेको र त्यसपछि कसैले गुमानेको बदख्वाइँ गरेमा धनजिते झगडा गर्न अगि सर्ने गरेको क्षण यहाँ प्रस्तुत छ ।

***पर्यावरणगत साक्ष्यहरू***

क. दिउँसोको टन्टलापुर घामका मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो, कुलामुनि आसामरु साहूको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बैँसीको फाँट । निकै रमाइलो ठाउँ थियो । किसानहरू कोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए । धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थे । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो । धनजिते भोटे पसलका डिलमा बसेर घुम बुन्न लागेको थियो । यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन । केवल बखतबखतमा पानी परिदिए, खेतीकमाइबाट सरकारको तिरो, साहूको ब्याज, वर्ष दिनलाई अन्न, वस्त्र, नुन, तेल पुऱ्याउन सके पुगेको थियो । (पृ. १२)

ख. धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए; वीरसिक्का पढ्थे; गाउँको बुज्रुक हुँ भन्ने घमन्ड गर्थे; मानिसलाई लडाएर तमासा हेर्ने पनि स्वभाव थियो । (पृ. १२)

ग. किसानहरू सबै  कुरा सहन सक्छन्, परन्तु बस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन् । (पृ. १३)

घ. जुरुक्क उठेर भन्यो- “बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस्, ए धनजिते !” (पृ. १३)

ङ. धर्मानन्दलाई लडाउने मौका पऱ्यो । सुर्तीको लुँडो निमोठ्दै भने- “कस्तो मिचाहा भोटे रहेछ; बिहानभरि जोतेका भोका गोरुलाई आफैँ कुटछ, अझ उही चोर र सोर उड्कन्छ ।” गुमानेका कनसिरी अगि नै तातिसकेका थिए, धर्मानन्दका कुराले झन् भुतुक्क भो । निर्धाको हात छिटो चल्छ भन्छन्, “किन मुख छोड्छस्, ए धनजिते डाँकू !” भनेर हात मिसिहाल्यो । धनजिते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुबै जना लठारिँदै चौतारीमुनि पुगे । तमासा हेर्नेको ठट लाग्यो । (पृ. १३)

च. गुमाने दौराको फेर निचोर्दै पसलका डिलमा बसेर धनजितेसित अघोरसँग बाझ्न लाग्यो- “बाबुले धुलिखेलेको भारी चोऱ्यो र तीन दिनसम्म छिँडीमा जाकेथ्यो, ठूलो हुन्छस् !”

“काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खेलौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् !” (पृ. १३)

छ. भदौका आधाआधीतिर गाउँमा आँठे पऱ्यो । पैले एक-दुई दिन रुगा लागे जस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुङ्ने जरो आउँथ्यो, चार-पाँच दिनपछि सन्निपातको लच्छिन देखिन्थ्यो । आठ दिनका दिन खत्तम । (पृ. १४)

ज. गुमानेका विचारमा यो सबै देउदेउताको दोष थियो । भन्थ्यो- “देउदेउताको मानभाउ नगरेपछि यस्तै हुन्छ । परार रगतमासीले गाँवै सोतर भो । गाउँका थानीको आजापूजा गरूँ भन्दा ‘सिमेभूमे पूजेर पनि रोग हराउँछ ?’ भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । आखिर घाटकी देवी र गाउँका भूमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो ।” गुमानेले जान्ने बसायो । गाउँका सारा मानिस जम्मा भए, तर करेसो जोरिएको धनजिते आएन । जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धूमधामसँग पूजा गरे । (पृ. १४)

झ. “यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नुपरेको, नत्र ओडारमा गएर बसे पनि त भो नि; जहाँ पनि बस्नै न हो । दिनदशा, आपत्‌विपत्‌ कसलाई पर्दैन ? (पृ. १४)

ञ. “के रुपियाँको लोभ देखाउँछौ साहू, गरिब छु, निमेकमजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन । छिमेकीलाई ‘जिउँदाको जन्ती, मर्दाको मलामी’ भन्छन्‌ । यस्ता वेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ, धनजितेका झैँ चार दिन अन्न न पानी भएर लड्नुपरे थाहा पाउने थियौ ।” (पृ. १५)

ट. माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ ।” (पृ. १५)

ठ. “पोलेको घाउमा नुन ना छार्‌ कान्जा, मो आधाम हो, क्षामा गर्‌ ।” (पृ. १६)

ड. धनजिते हिँडडुल गर्न लाग्यो । गुमानेलाई एक छिन छोड्दैन । वन, मेलापात जहाँ गए पनि दुबै जना सँगै जान्छन्‌ । आजकल कसैले गुमानेको बद्‌खोई गरेको सुन्यो भने धनजिते झगडा गर्न अगि सर्छ । (पृ. १६)

***पर्यावरणगत साक्ष्यहरूको विश्लेषण***

क. गुरुप्रसाद मैनाली एक ग्रामीण परिवेशमा कथा लेख्ने सामाजिक कथाकार हुन्‌ । छिमेकी कथामा कथाकार मैनालीले ज्यामिरे गाउँ जहाँ हराभरा खेत, पानी ल्याउने कुलो, साहुको हिउँदे पसल, थकान मेटाउने चौतरी आदिको सजीव बयान गरेका छन्‌ । असार महिना सिर्जना र विनाश दुबैको समय हो । किसानका लागि सिर्जनाको समय हो । छिमेकी कथाको परिवेश भनेको यस कथाका पात्रहरूले खेलेको ठाउँ हो । मैनालीले यस ठाउँलाई निकै रमाइलो भनेका छन्‌ । यस ठाउँमा बँसीको फाँट, चौतारो, कुलो, आसामरु साहुको हिउँदे पसल स्थानगत परिवेशका रूपमा आएका छन्‌ । अर्को परिवेश समयका हिसाबले टन्टलापुर घामका कारण पात्रहरू चौतारीमा बसेको चर्चा कथाकारले गरेका छन्‌ । यस कथामा असारको महिनामा रोपाइँ हुने समयलाई चित्रण गरिएको छ । कोही कक्कड खाने, कोही घुम बुन्ने, कोही ढुङ्गामा पल्टिने भने कोही गफ चुट्ने गजबको यथार्थ पर्यावरण कथाकारले सिर्जना गरेका छन्‌ । यहाँ सम्पन्न व्यक्तिले

शारीरिक श्रम गर्नु नपर्ने चलन प्रस्तुत छ। सोझा गाउँले किसानहरू धनका निमित्त तँछाडमछाड नगर्ने, घचेटाघचेट गरी अरूलाई उछिनी नदगुर्ने यथार्थ यहाँ देखाइएको छ। किसानहरू अशिक्षित भएका र उनीहरू आफ्नो खेतीकमाइबाट सरकारको तिरो तिर्न सके, साहुको ब्याज बुझाउन सके, वर्ष दिनलाई अन्नवस्त्र, नुनतेल पुऱ्याउन सके खुसी र सुखी हुने यथार्थ ग्रामीण परिवेश यस साक्ष्यमा प्रस्तुत छ।

ख. गाउँका बुज्रुक अगुवा र सामन्त हो धर्मानन्द पाध्ये। ऊ वीरसिक्का पढ्छ। वीरसिक्का जस्ता पुस्तक पढ्नुले र ऊ शिक्षित व्यक्तिका रूपमा देखिन्छ। कथाकारले पनि गुमाने र धनजितेलाई निम्न आदर र धर्मानन्दलाई मध्यम आदरवाची शब्द प्रयोग गर्नुले धन र शिक्षा भएकैलाई सबैले महत्त्व दिने गरेको सामाजिक अवस्था देखिन्छ। यस्ता अगुवा भनाउँदाले सर्वसाधारण निम्नवर्गीय जनतालाई लडाएर आफूहरू तमासा हेर्ने प्रवृत्ति देखाइएको छ।

ग. किसानका लागि जमिन जोत्ने साधन भनेकै गोरु हो। आज पनि पहाडी क्षेत्रमा यही परम्परागत पद्धतिबाट जमिन जोतिन्छ। बिहानभरि जोतेका र त्यसमा भोकाएका गोरु निर्ममतापूर्वक चुट्दा गुमाने जस्ता सरल किसानले सहन नसक्नु स्वाभाविक कुरा हो।

घ. जसरी गोरुको महत्त्व छ त्यस्तै रोपाइँ गर्नका लागि बिउको उत्तिकै महत्त्व छ। आजै रोप्नुपर्ने धानका बिउ गाईवस्तुले खाइदिँदा धनजिते  जस्ता अरूले उकास्दा उक्सिहाल्ने किसान झगडा गर्न अगि बढ्नु नाजायज होइन। आजभोलि पनि यस्ता विषयमा भनाभन र कुटपिट हुने गरेको अवस्था गाउँघरमा पाइन्छ। यहाँ गाईवस्तुले खाएको धानको बिउको अर्मल र सामाजिक न्यायका कुरा पनि उठाइएको छ।

ङ. पढेलेखेका धर्मानन्द जस्ता बुज्रुकले समाजको अगुवाइ गर्नुपर्नेमा त्यसो गरेको पाइँदैन। बलेको आगामा घिउ थप्ने धर्मानन्द जस्ता पात्रका कारण निर्धा किसान हात र मुख छाड्न पुगेको वास्तविकता उद्घाटित छ। यस्तै भरिया तथा यात्रीले बाटामा ढुङ्गाका चम्का लगाएर दाउरा बाली खाना पकाएर खाने गरेको तत्कालीन अवस्थालाई पनि सङ्केत गरेको छ।

च. गुमाने र धनजितेले भनाभन र झगडाका क्रममा आफ्ना बाबुबाजेको इज्जत पनि बाँकी राख्दैनन्। रिस र झगडाका वेला कसले वेद पढ्छ र ? अझ यी सोझा किसानहरू बाबुबाजेले चोरी

गरेका घटनालाई ढाकछोप नगरी बुढापाका र दिदीबहिनीका अगाडि जेसुकै बोल्नुले दुर्गम पहाडी जनजीवनको झल्को दिन्छ। झगडा भएपछि कति दिनसम्म बोलचाल बन्द हुने कुरा स्वाभाविक रूपमा चित्रण गरिएको छ।

छ. गाउँघरमा केही वर्षका अन्तरालमा विभिन्न किसिमका महामारी फैलने र अशिक्षा, अज्ञानता र निर्धनताका कारण ज्यान गुमाउनुपर्ने, गाउँ नै सोत्तर हुने अवस्था त्यस समयमा मात्र थिएन आज पनि ग्रामीण क्षेत्रमा ज्युँका त्युँ छ।

ज. गुमाने धार्मिक व्यक्ति हो। धर्मभित्र उसले अन्धविश्वासलाई पनि ग्रहण गरेको छ। देउदेउताको दोषका कारण महामारी फैलिएको ठान्दै गाउँका सिमेभूमेको पूजा गर्न प्रस्ताव गर्दा 'सिमेभूमे पूजेर पनि रोग हराउँछ ?' भनेर धर्मानन्दले गुमानेका कुरा हाँसोमा उडाउनुले शिक्षाले अन्धविश्वास चिरेको देखाइएको छ तर ती सोझा किसान अशिक्षाले गर्दा अन्धविश्वास अँगालिरहेका हुन्छन्। घाटकी देवी र गाउँका भूमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य हुनुले अन्धविश्वासमा पनि बल रहेको देखाइएको छ। यस्तै गुमानेले आयोजना गरेको पूजामा धनजिते सामेल नभएका कारण उसले महामारीको बढी पीडा र समस्या बेहोर्नुपरेको देखाइएको छ।

झ. मानिस सामाजिक प्राणी भएकाले ऊ समाजबाहिर बस्न नसक्ने वास्तविकता प्रस्तुत गर्दै दैव लागेको वेला अर्थात् जटिल अवस्था उत्पन्न भएका वेला छिमेकीकै आडभरोसा चाहिने कुरा यहाँ देखाइएको छ। दिनदशा, आपत्विपत् जसलाई पनि पर्ने भएकाले छिमेकी हुनुका नाताले सहयोगमा जुट्नुपर्ने मानवीय भावना यहाँ मुखरित छ।

ञ. यहाँ आसामरु साहु र गुमानिबिचको संवाद छ। आसामरु नेवारी भाषी हो। उसको लबज नै नेवारी छ। नेवारहरू परम्परागत रूपमै व्यापार व्यवसाय गर्दै आएको यो साक्ष्यबाट पनि प्रमाणित हुन्छ। सहर जानआउन दुई दिन लाग्ने कुराले सहरबाट यो गाउँ एक दिनको बाटोमा रहेको बुझिन्छ। गुमानेले छिमेकीको बिजोगका कारण जति रुपैयाँ दिए पनि भारी खेप्न नजाने बताउनुले मानवता ग्रामीण परिवेशमा जीवन्त रहेको बताउँछ।

ट. गाउँले मानिस निमेकमजदुरीले छाक टारे पनि पैसाका निम्ति आत्मा बेच्दैनन्। छिमेकी भनेको 'जिउँदाको जन्ती, मर्दाको मलामी' हो भन्ने भनाइलाई व्यवहारमा गुमानेले उतारेको छ।

सम्पत्तिभन्दा छरछिमेक र इष्टमित्र ठुला हुन्छन् भन्ने उदाहरण यहाँ प्रस्तुत छ । छिमेकी छिमेकीको सम्बन्ध ढुङ्गा र माटाको सम्बन्ध जस्तै हो । यसको मतलब संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ । त्यसकारण मानवीय र सामाजिक व्यवहार सबैले प्रस्तुत गर्नुपर्छ भन्ने आशय यहाँ छ ।

ठ. गुनको बदला बैगुन हुनै सक्दैन । गुमानेले निःस्वार्थ रूपले गरेको सेवाबाट धनजिते सकारात्मक बनेको छ । आफूले गरेको गल्तीप्रति क्षमा याचना गरेको छ । मानिसले आफ्ना गल्तीप्रति पश्चात्ताप गरी सही मार्गमा उन्मुख हुन नै महानता हो, जुन धनजितेले यस कथामा प्रस्तुत गरेको छ ।

ड. धनजिते निको भएपछि उसले गुमानेलाई एकछिन पनि छाडेको छैन । सहकार्य र समन्वयमा दुई जनाले काम गर्न थालेका छन् । वन, मेलापात जहाँ गए पनि दुबै जना सँगै जान्छन् । आजकल कसैले गुमानेको आलोचना गऱ्यो भने त्यसको प्रतिकार गर्न धनजिते तम्सन्छ । अमृत रोपेको ठाउँमा विष कहिल्यै फल्दैन भन्ने सत्य पनि यहाँ देखाइएको छ ।

## लेखक, लेख र पाठक

लेखकको आफ्नो छुट्टै समाज भए जस्तै कृति र पाठकको पनि आआफ्नो समाज हुन्छ । लेखक, कृति र पाठक तीनओटैको समाजमा एकरूपता भएमा त्यो कृति समाजपरक दृष्टिकोणले उत्तम ठहरिन्छ । कृतिमा चित्रित समाजमा लेखक र पाठकको समाज पनि प्रतिविम्बित हुनुपर्छ भन्ने अवधारणा नै लेखक, कृति र पाठकको अन्तर्सम्बन्धको कडी हो (शर्मा, सन् २०१२) । साहित्यले देशकाल, समाज, युग र व्यक्ति प्रतिभाको इतिहासलाई कायम राख्दछ । कुनै पनि साहित्यिक कृति र कृतिकारका माध्यमबाट समाजको भूत र वर्तमानको अध्ययन, व्याख्या विश्लेषण र मूल्याङ्कन गरी मूल्य निरूपण गर्ने क्रममा समाजशास्त्रीय प्रवृत्तिको विशेषता प्रकट हुँदै छ । यस किसिमको समालोचना मुख्यतः समाजकेन्द्री हुन्छ (आचार्य, विसं २०६३, पृ. १०६-१०७) ।

साहित्यका तीन पाटा लेखक, कृति र पाठक साहित्य उत्पादनका सामाजिक शक्ति हुन् । यिनको अवस्थितिका आधारमा साहित्य र समाजबिचको सम्बन्धबारे छलफल गर्दा सहज हुने छ । व्यक्तिको सामाजिक अवस्थिति, समय सन्दर्भ र परिवेशले साहित्य निर्माणमा प्रभाव पार्छ । समाजको

परिवर्तनसँगै साहित्यका ती उत्पादनका शक्तिहरूमा पनि परिवर्तन भइरहन्छ (ढकाल, विसं २०७९) । छिमेकी कथा मूलतः निम्नवर्गीय समाज र काठमाडौँबाट एक दिनको बाटामा अवस्थित ग्रामीण समाजको परिवेशमा आधारित छ । यसका पात्रहरू कथाकारकै नजरमा दैनिक देखिएका निम्नवर्गीय नेपाली ग्रामीण समाजका प्रतिनिधि पात्र हुन् । यसरी दृशित समाजमा लेखक र पाठकको समाजसमेत प्रतिविम्बित भएका कारण प्रस्तुत कृति लेखक, कृति र पाठकको सम्बन्धका दृष्टिकोणले सबल छ ।

समाजपरक समालोचनामा लेखकको जन्म, आदर्श, कृतिमा चित्रित समाज र कृतिले पाठकमा उमारेको सामाजिक प्रभावहरूको विश्लेषण आवश्यक हुन्छ (गौतम, २०५०, पृ. ४८) । मैनालीको जन्म मध्यमवर्गीय परिवारमा भएको हो । त्यसैले उनको सम्बन्ध उच्चवर्गसँगभन्दा ज्यादा निम्नवर्गीयसँग भएको हुन सक्छ । साथै उनले आफूलाई निम्नवर्गको नजिक देखाउन पनि निम्नवर्गको चित्रण गर्न रुचाएका होलान् । मकै पर्व (१९८७) पछि क्रमशः नेपाली जनतामा चेतना जागृत हुँदै गरेको अवस्था भए पनि प्रत्यक्ष रूपमा राजनीतिक परिवेश यसमा प्रस्तुत छैन । यहाँ त भौगोलिक, सामाजिक, आर्थिक र धार्मिक परिवेशलाई प्रस्तुत गरिएको छ । त्यसमा पनि सामाजिक परिवेश सशक्त रूपमा प्रस्तुत छ ।

पाठकबिना कृतिको अर्थ रहँदैन भन्ने मान्यता अगि सार्दै समाजपरक समालोचनाले कृतिलाई समाजबारे अध्ययन गर्ने आधार सामग्रीका रूपमा लिएको देखिन्छ । यसरी कृतिबाट समाजको अध्ययन गर्ने कार्यचाहिँ पाठकको हो । कृतिमा जुन वर्ग प्रभावशाली हुन्छ, त्यही वर्ग आफ्नै किसिमको पाठक समुदायलाई पनि आकर्षित गर्दछ (गौतम, २०५०, पृ. ४९) । यसरी हेर्दा निम्नवर्गीय पाठकहरू छिमेकी कथामा आफैँले भोगिरहेका समस्या पाउँछन् र कृति पढ्न रुचाउँछन् । कृति रचनामा पाठकको रुचि पनि महत्त्वपूर्ण हुन्छ ।

मैनालीले प्रतिनिधित्व गर्ने पाठकले साहित्यमा तत्कालीन अवस्थाको सन्दर्भको यथार्थ चित्र खोज्दछ । यस कथाका पाठक र भूमिका लेखक तानासर्माको विचार पनि यस्तै छ । पाठकको यस्तो रुचिसँग परिचित मैनालीले छिमेकी कथालाई सामाजिक यथार्थवादी बनाएका छन् । यसरी छिमेकी कथाको रचनामा पाठकको रुचिले पनि महत्त्वपूर्ण प्रभाव पारेको छ । यसमा प्रयुक्त पात्रका बोली,

व्यवहार तथा स्वभावमा आफ्नै प्रतिविम्ब पाउने भएकाले छिमेकी कथा पाठकहरूका माझ झन् लोकप्रिय बनेको छ । यसरी समाजकै यथार्थ घटनालाई आधार बनाएकाले छिमेकी कथाको समाजपरक विश्लेषण गर्न सकिएको छ ।

## निष्कर्ष

छिमेकी २००७ सालको क्रान्तिपूर्व अर्थात् राणाकालीन समयको सामाजिक परिवेशलाई विषयवस्तु बनाई रचना गरिएको उत्कृष्ट कथा हो । कथामा गुमाने, धनजिते, धर्मानन्द र आसामरु जस्ता हाम्रै समाजका पात्रलाई उपस्थित गराएर तत्कालीन नेपाली पहाडी ग्रमीण परिवेशलाई टपक्क टिपेर कथामा उतारेका छन् । कथामा विभिन्न जातजातिका पात्रहरूको उपस्थितिले तत्कालीन जातीय अवस्थाको बोध गराएको छ । प्रायः मङ्गोल र आर्य जातिका पात्रहरू रहेको यस कथामा तिनका फरक फरक क्रियाकलाप, जीवनशैली र चिन्तनहरू रहे तापनि प्रमुख पात्रका साझा दुश्मन भनेकै गरिबी र अशिक्षा हो । त्यसबाट मुक्तिका लागि सबै पात्रहरू सङ्घर्षशील रहेका छन् । कथामा निम्नवर्गीय तथा मध्यमवर्गीय स्तरका पात्र खडा गरिएका छन् । यहाँ विभिन्न जाति, धर्म, संस्कृति र फरक वंशानुगत स्वभाव भएका पात्रको समाज छ । यहाँ प्रयुक्त जातिहरूका पुस्तौँपुस्ता अगिदेखिका विविध वंशाणुगत अभिलक्षणहरू तत्कालीन परिवेशसँग एकाकार भएर आएका छन् ।

यस कथाका गुमाने र धनजितेका जीवनभोगाइका क्रममा धर्मानन्दले दुईबिच झगडा लगाइदिनु, चौतारामा भनाभन र कुटपिट गर्नु, बोलचाल बन्द हुनु, आँठेले गाउँ सोत्तर पार्नु, गुमानेले धनजितेको परिवारलाई महामारीले आक्रान्त पारेको समयमा सम्पूर्ण रूपले सहयोग गर्नु, अन्तिममा दुईबिच मेल हुनु जस्ता अवस्था क्षणका रूपमा आएका छन् । मूलतः विसं १९९३ आसपास र त्यसअगिको समय क्षणका रूपमा रहेको छ ।

कथामा पर्यावरणका विविध रूप र अवस्थाको चित्रण गरिएको छ । भौगोलिक पर्यावरणका रूपमा नेपालको दुर्गम पहाडी ग्रामीण क्षेत्रको चर्चा गरिएको छ । जीवन धान्न दिनरात श्रम गर्नुपर्ने बाध्यात्मक अवस्थाले आर्थिक पर्यावरणको अवस्था बोध गराएको छ । चौतारो बनाउने, देउदेउता मान्ने, गाउँका थानी तथा सिमेभूमेको पूजा गर्ने, जान्ने बसाउने, पाप र धर्म, साँचो मनले उपकार गर्ने, अर्काको बिजोग हेर्न नसक्ने जस्ता प्रसङ्गले धार्मिक तथा सांस्कृतकि पर्यावरण सशक्त रहेको

दर्साउँछ । जातिअनुसार भाषा प्रयोग र उखानटुक्काको उपयुक्त प्रयोगले भिन्न भाषिक पर्यावरणको सङ्केत गरेको छ । निमेकमजुरीले छाक टार्ने, खेतीकमाइबाट सरकारको तिरो तिर्ने, साहुको ब्याज बुझाउने, वर्ष दिनलाई अन्नवस्त्र, नुनतेलको जोहो गर्ने, ढुङ्गाका चम्का लगाई ढाक्रे तथा यात्रीले खाना पकाएर खाने, सानातिना कुरामा छिमेकमा भनाभन र कुटपिट हुने जस्ता सन्दर्भले सामाजिक पर्यावरणलाई इङ्गित गरेको छ । कुलोको व्यवस्था, खेत जोत्न गोरुको प्रयोग, धान रोपाइँ, अर्मल तिर्ने, बिउ राख्ने, गाईवस्तु पाल्ने,  वन-मेलापात जाने, घाँसपात गर्ने, अर्मपर्म गर्ने जस्ता प्रसङ्गले नेपालको ग्रामीण परिवेश कृषिमै निर्भर रहेको प्रस्ट पार्दछ । अतः नेपाली समाजको तत्कालीन अवस्थाको दुरुस्त चित्र उतारिएको छिमेकी कथामा हिप्पोलाइट टेनले अगि सारेको समाजशास्त्रीय मान्यताभित्रका जाति, क्षण र पर्यावरणको सशक्त प्रयोग भएकाले समाजशास्त्रीय अध्ययनका दृष्टिले प्रस्तुत छिमेकी कथा अत्यन्त उपयोगी रहेको छ ।

## सन्दर्भ सामग्री


अन्नपूर्ण पोस्ट (२०७३, चैत १९), *कथाशिरोमणि गुरुप्रसाद र कथा दिवस,* कला/साहित्य स्तम्भ । https://annapurnapost.com/story/67878/

आचार्य, कृष्णप्रसाद (२०६३), *पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना,* क्षितिज प्रकाशन ।

काफ्ले, योगेश (२०२०), अकथ्य कथामा क्षण, जाति र पर्यावरण, *मङ्गल रिसर्च जर्नल, १*(१), ७६-८३ । https://doi.org/10.3126/mrj.v1i01.52097

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* साझा प्रकाशन ।

गौतम, वासुदेव (सन् २०२३), अभिघातका दृष्टिले छिमेकी कथाको विश्लेषण, *Pragyartana journal, 5(1), 272-279.*

घिमिरे, अच्युत (सम्पा.), (२०७९), *आलेख (गुरुप्रसाद मैनाली विशेषाङ्क), ५*(२/ ४८) ।

चौहान, ईश्वर (२०७४), *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण* [अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध ], त्रिभुवन विश्वविद्यालय ।

छेत्री, उदय (२०६४), *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९९२), *साहित्यका समाजशास्त्रीय चिन्तन,* दिल्ली विश्वविद्यालय ।

ढकाल, चन्द्रप्रसाद (सन् २०२०), गुरुप्रसाद मैनालीको छिमेकी कथाको आख्यानसंरचना, *Patan Pragya Journal, 6(1),* 199-208. https://doi.org/10.3126/pragya.v6i1.34434

ढकाल, सुरेश (२०७९, असोज १५), साहित्यमा समाजको खोज*, हिमालखबर, विचार स्तम्भ,* https://www.himalkhabar.com/news/132408

तिम्सिना, दिनेशकुमार (सन् २०२२), छिमेकी कथामा यथार्थवाद, *Kankai Journal, 2(1),* १०६-११६.

त्रिपाठी, वासुदेव *(*२०६५*), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१* (छैटौँ संस्करण), साझा प्रकाशन ।

दाहाल, कलानिधि (२०७९), कालातीत प्रथम शुक्र तिमी !, *आलेख (गुरुप्रसाद मैनाली विशेषाङ्क), ५*(२/४८), ३७-४३ ।

दाहाल, कृष्णप्रसाद (२०७९), सामाजिक कथाकार मैनाली र उनका कथाहरूको अध्ययन, *आलेख (गुरुप्रसाद मैनाली विशेषाङ्क), ५*(२/४८), ८१-८९ ।

न्यौपाने, विष्णुप्रसाद (सन् २०२२), युद्ध कथामा जाति, क्षण र पर्यावरण, *मर्स्याङ्दी जर्नल, ३*(१), २२-३७ ।

पाण्डेय, मैनेजर (सन् १९८९), *साहित्य के समाजशास्त्र की भूमिका,* हरियाणा साहित्य अकादमी ।

पाण्डेय, ताराकान्त (सन् २०१२), बसाइँ उपन्यासमा अनुभूतिको संरचना, *नेपाल अकादमी जर्नल, ८* (८), १-१७ ।

पौडेल, ईश्वरा, (सन् २०१९), नासो कथामा सामाजिकता, *Cognition A Peer Reviewed Transdisciplinary Research Journal, २* (१), १५७-१६६ ।

पौडेल, हिमा, (सन् २०२३), सुनामी कथाको समाजपरक अध्ययन, *सोताङ जर्नल, ५*(१), ७७-८७ । https://doi.org/10.3126/sotang.v5i1.65064

प्रभात, रमेश (सन् २०१८), नथिया उपन्यासमा जाति, क्षण र पर्यावरण, *बी.एम.सी. जर्नल अफ साइन्टिफिक रिसर्च,* २ (१), १२५-१३३ । https://doi.org/10.3126/bmcjsr.v2i1.42744

भण्डारी, ठाकुर शर्मा (२०७९), कथाकार गुरुप्रसाद मैनालीको परालको आगो कथाको सन्दर्भमूलक विश्लेषण, *आलेख (गुरुप्रसाद मैनाली विशेषाङ्क),* ५(२/४८), १०३-१०७ ।

मैनाली, गुरुप्रसाद (२०७३), *नासो,* (एक्काइसौँ संस्करण), साझा प्रकाशन ।

मैनाली, गोपी (२०७९), नेपाली मन-मुटुको कथाकार गुरुप्रसाद मैनाली, *आलेख (गुरुप्रसाद मैनाली विशेषाङ्क),* ५(२/४८), ९०-९५ ।

रेग्मी, कमला (सन् २०२२), क्षण, जाति र परिवेशका आधारमा अभागी कथाको विश्लेषण, *ए.एम.सी. जर्नल,* ५(१), ८८-९९ । https://doi.org/10.3126/amcj.v3i1.45460

शर्मा, तारानाथ (२०७०), *नेपाली साहित्यको इतिहास,* (परिशोधित पाँचौँ संस्करण), विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, बिन्दु (सन् २०१२), उलार उपन्यासको समाजपरक समालोचना, *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/sahitya/details/3811

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६७), *नेपाली कथा* (भाग ४, चौथो संस्करण), साझा प्रकाशन ।

सिलवाल, आनन्दराज (सन् २०२४), स्वास्नीमान्छे उपन्यासको समाजशास्त्रीय अध्ययन, *प्रज्ञा सारथि,* २२ (१), ६०-६५। https://doi.org/10.3126/ps.v22i1.64842

स्विङउड, एलेन (सन् १९७२), *द सोसियोलोजी अफ लिटरेचर,* म्याक गिबन एन्ड कि लि. ।